म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २६६ बुधबार, ३० बैशाख २०८३ ने. सं. ११४६ बछलागा 13 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अनुमतिबिना सञ्चालित शैक्षिक परामर्श बन्द गर्न निर्देशन

हेटौंडा, २९ बैशाख/मकवानपुर जिल्लाभित्र अनुमतिविना सञ्चालित शैक्षिक परामर्श सेवा, पूर्वतयारी कक्षा तथा भाषा शिक्षण गराउने संस्था तीन दिनभित्र बन्द गर्न निर्देशन दिइएको छ । प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीद्वारा मंगलबार जारी सूचनामा आवश्यक अनुमति नलिई सञ्चालनमा रहेका सबै संस्थाका शैक्षिक तथा प्रशासनिक गतिविधि ३ (तीन) दिनभित्र पूर्णरुपमा बन्द गर्न निर्देशन दिइएको हो । जिल्लाभित्र सम्बन्धित निकायबाट अनुमति प्राप्तगरी सञ्चालनमा रहेका संस्थाको विवरण अभिलेखमा रहेपनि, केही संस्थाले अनुमति नलिई गैरकानुनीरुपमा यस्ता सेवा सञ्चालन गरिरहेको पाइएकोले यस्तो कार्य प्रचलित कानुनविपरीत रहेको जनाउँदै प्रशासनले तत्काल कारबाहीको चेतावनी समेत दिएको छ । निर्देशनको पालना तोकिएको समयभित्र नगरेमा प्रचलित कानुनबमोजिम आवश्यक कानुनी कारबाही गरिने सूचनामा उल्लेख गरिएको छ । जिल्ला प्रशासन कार्यालयले सबै सरोकारवाला तथा सर्वसाधारणलाई कानुनी प्रक्रिया पूरा गरेर मात्र यस्ता शैक्षिक गतिविधि सञ्चालन गर्न आग्रह गरेको छ ।

### मकवानपुरमा ५१ प्रतिशत विद्यार्थी ग्रेडेड

# १३ जना विद्यार्थीले ४ जिपिए ल्याए

साझाकुरा संवाददाता

हेटौंडा, २९ बैशाख/ माध्यमिक शिक्षा परीक्षा (एसईई) मा मकवानपुरका ५० दशमलव ९९ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् ।

सोमबार सार्वजनिक भएको नतीजाअनुसार २ हजार ८ सय १८ जना विद्यार्थी ग्रेडेड भएका हुन् । ५ हजार ५ सय २७ जना विद्यार्थी परीक्षामा सहभागी भएकामध्ये २ हजार ७ सय ९ जना विद्यार्थी नन्ग्रेडेड भएका छन् । गतवर्ष मकवानपुरमा ४६ दशमलव ८६ प्रतिशत विद्यार्थी ग्रेडेड भएका थिए । एसईईमा मकवानपुरका १३ जना विद्यार्थीले ४ जीपीए प्राप्त गरेका छन् ।




सोमबार सार्वजनिक भएको नतीजाअनुसार सामुदायिक विद्यालयका २ जना र संस्थागत विद्यालयका ११ जना विद्यार्थीले ४ जीपीए ल्याएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरीले जानकारी दिए ।

गतवर्ष मकवानपुरबाट ५ जनाले मात्रै ४ जीपीए ल्याएका थिए । यो वर्ष हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय र हेटौंडा-५ स्थित बालज्योति माध्यमिक विद्यालयबाट एक-एक जना विद्यार्थीले ४ जीपीए ल्याएका छन् । यस्तै संस्थागत विद्यालयतर्फ हेटौंडा-४ स्थित नवोदय शिशुसदन र हेटौंडा-५ स्थित जीएस निकेतनबाट ३-३ जना विद्यार्थीले ४ जीपीए ल्याउँदा हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूल र हेटौंडा-४ स्थित ब्रह्मदिक् एकेडेमीबाट २-२ जना विद्यार्थीले ४ जीपीए ल्याएका छन् । यस्तै हेटौंडा-१३ पदमपोखरीस्थित फेमकोल एकेडेमीबाट १ जना विद्यार्थीले ४ जीपीए ल्याएका छन् ।

मकवानपुरबाट ३.६ देखि ४ जीपीए ल्याउने विद्यार्थी ४ सय ३६ जना छन् । ३.२ जीपीएदेखि ३.६ जीपीए ल्याउने ७ सय ८९ जना, २.८ जीपीएदेखि ३.२ जीपीए ल्याउने ९ सय ८२ जना विद्यार्थी छन् । २.४ जीपीएदेखि २.८ जीपीए ल्याउने विद्यार्थी ५ सय ५५ जना छन् । २ जीपीएदेखि २.४ जीपीए हासिल गर्ने विद्यार्थी ४३ जना रहेका छन् ।

**६ विद्यालयको नतिजा शतप्रतिशत**

मकवानपुरका ६ वटा संस्थागत विद्यालयको नतीजा शतप्रतिशत आएको छ । सोमबार सार्वजनिक भएको नतीजाअनुसार हेटौंडा उपमहानगरका ३ वटा र थाहानगरका ३ वटा विद्यालयले शतप्रतिशत नतीजा हासिल गरेको शिक्षा विकास तथा समन्वय इकाईले जानकारी दिएको छ ।

हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-५ स्थित ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालय, हेटौंडा-१० स्थित तुलसीमेहर मेमोरियल सेकेण्डरी स्कूलको शतप्रतिशत नतीजा आएको छ । यस्तै थाहा नगरपालिकास्थित पालुङ इंग्लिस आवासीय स्कूल, पालुङ मोडर्न इंग्लिस मिडियम स्कूल र पालुङ भ्याली हर्ट एकेडेमीले शतप्रतिशत नतीजा हासिल गरेको छ । बालजागृतिबाट १ सय २ जना, ज्ञानोदयबाट १६ जना, तुलसीमेहरबाट ६१ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए ।

पालुङ इंग्लिसबाट ७ जना, पालुङ मोडर्नबाट १३ जना र पालुङ भ्यालीबाट १९ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए ।

**४ विद्यालयको नतीजा शून्य**

यसैगरी मकवानपुरका ४ विद्यालयको नतीजा शून्य आएको हो । मकवानपुरको राक्सिराङ गाउँपालिकाको ३ वटा विद्यालय र भीमफेदी गाउँपालिकाको १ विद्यालयको नतीजा शून्य आएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जानकारी दिएको छ ।

राक्सिराङ गाउँपालिका-४ स्थित कालिका माध्यमिक विद्यालय, राक्सिराङ गाउँपालिका-६ स्थित राष्ट्रिय माध्यमिक विद्यालय र राक्सिराङ गाउँपालिका-८ स्थित श्री माध्यमिक विद्यालयको नतीजा शून्य आएको हो । भीमफेदी गाउँपालिका-८ स्थित पञ्चकन्या माध्यमिक विद्यालयको नतीजा शून्य आएको छ । कालिका माविबाट ६ जना, राष्ट्रिय मावि १ जना र श्री माध्यमिक विद्यालयबाट २८ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए । पञ्चकन्या माध्यमिक विद्यालयबाट भने ६ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए । गतवर्ष मकवानपुरका ७ वटा विद्यालको नतीजा शून्य आएको थियो ।

एसईई परीक्षा गत चैत १९ देखि २९ गतेसम्म सञ्चालन भएको थियो । यसपटक परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरिएकाले छिटो नतिजा सार्वजनिक गरेको हो । मनहरी गाउँपालिकामा रहेका ३ संस्थागत तथा ९ सामुदायिक माविको समग्र परिणाम कमजोर देखिएको बताइएको छ । मनहरीका ४८९ विद्यार्थी परीक्षामा सहभागी भएको र एकसय ४३ जना अर्थात् २९ दसमलव २४ प्रतिशत उत्तीर्ण भएको जनाइएको छ ।

## लाइसेन्स छपाइ मेसिन सञ्चालन गर्न लेखा समितिको निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, २९ बैशाख/ पेट्रोलियमपदार्थको मूल्यवृद्धिपछि बागमती प्रदेश सरकारले निर्धारण गरेको भाडादर विपरीत यात्रुबाट बढी भाडा असुल गरिएको भन्दै प्रदेशसभाको सार्वजनिक लेखा समितिले ध्यानाकर्षण गराएको छ ।

विद्युतीय र पेट्रोलियम पदार्थबाट सञ्चालित सवारीसाधनको भाडादर कार्यान्वयन नभएको पाइएपछि समितिले श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई प्रभावकारी नियमन गर्न र सार्वजनिक स्थानमा भाडादरको सूचना पाटी राख्न निर्देशन दिएको छ । समितिका सभापति श्रीराम लामिछानेले सेवाग्राही नठगिने वातावरण तयार गर्न मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको जानकारी दिएका छन् । प्रदेशसभा सचिवालयमा बसेको बैठकमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले औँल्याएका बेरुजु र प्राप्त उजुरीका सम्बन्धमा छलफल भएको थियो ।

समितिले सवारीचालक अनुमतिपत्र (लाइसेन्स) छपाइ गर्ने मेसिन खरिद भएर पनि सञ्चालनमा नआएकोमा आपत्ति जनाएको छ । खरिद भएको मेसिन सञ्चालनको सुनिश्चितताका लागि संघीय सरकारसँग समन्वय गरी दुई महिनाभित्र प्रतिवेदन पेसगर्न मन्त्रालयलाई निर्देशन दिइएको छ । ट्रायल सेन्टरका सम्बन्धमा उजुरी आइरहेकाले प्रक्रिया पूरा गरी उपत्यकाभित्र र बाहिर छ महिनाभित्र पर्याप्त सेन्टर स्थापना गरी सेवाविस्तार गर्न समितिले भनेको छ । विद्युतीय ट्याक्सीमा प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न विद्यमान मापदण्ड फराकिलो बनाउन र जनतालाई सस्तो सेवा दिन समेत निर्देशन दिइएको छ ।

सवारीचालक अनुमति पत्रका लागि आवश्यक पर्ने निरोगिताको प्रमाणपत्र लिँदा सेवाग्राहीले बढी शुल्क तिर्नुपरेको गुनासो आएकाले प्रदेशस्तरीय सरकारी अस्पतालबाट सेवादिन सम्भाव्यता अध्ययन गर्न समितिले मन्त्रालयलाई भनेको छ । विद्युतीय सवारीसाधनका लागि खरिद भइसकेका चार्जिङ स्टेसन शीघ्र सञ्चालन गरी सेवाप्रवाह सुनिश्चित गर्न सभापति लामिछानेले मन्त्रालयलाई आग्रह गरे ।

# गौरीटारमा क्रिकेट मैदान तयार




साझाकुरा संवाददाता

हेटौंडा, २९ बैशाख/ हेटौंडा उपमहानगरपालिका-६ स्थित गौरीटारमा क्रिकेट मैदान निर्माण सम्पन्न भएको छ ।


बागमती प्रदेश सरकारले गौरवको आयोजनाकारुपमा अघि बढाएको यो परियोजना दुई वर्षअघि सुरु गरिएको थियो र चालु वर्षको वैशाख मसान्तसम्ममा निर्माणकार्य पूरा भएको हो । बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव दीपक लामाका अनुसार ड्रेनेज प्रणालीसहित निर्माण गरिएको क्रिकेट मैदानमा कुल ११ करोड ७४ लाख रुपैयाँ खर्च भएको छ । मैदान निर्माणकार्य २०८० चैत २० गते एसएनएस-पीएल-एचकेसी जेभीसँग ठेक्का सम्झौता गरी सुरु गरिएको हो ।

मैदान परिसरमा करिब ४ सय ५० दर्शक क्षमताको प्यारापिट, पाँचवटा पिच, ७० मिटर रेडियसको खेलमैदान, स्कोरबोर्ड, भीभीआईपी कक्ष, खेलाडीकक्ष, चेन्जिङ रुम, टेलिभिजन तथा रेडियो प्रसारणकक्ष, मिडियाकक्ष, अपाङ्गमैत्री संरचना र पार्किङ सुविधा निर्माण गरिएको छ । हाल मैदानको लेभल मिलाउन घाँस मिलाउने कार्य भइरहेको परिषद्ले जनाएको छ । मैदानमा बर्मुडा दुबोको प्रयोग गरिएको छ । निकट भविष्यमा राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गरी खेलमैदानको औपचारिक उद्घाटन गर्ने तयारी भइरहेको सदस्यसचिव लामाले बताए ।

उनका अनुसार आवश्यक प्राविधिक मापदण्ड पूरा भइसकेकाले अन्तर्राष्ट्रियस्तरका खेल सञ्चालन गर्न मैदान उपयुक्त रहेको छ । 'अहिलकै अवस्थामा अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता सञ्चालन गर्न सकिन्छ,' उनले भने । परिषद्ले नेपाल क्रिकेट संघ (क्यान) सँग पिचको गुणस्तर, मैदान व्यवस्थापन तथा अन्य प्राविधिक पक्षमा सहयोग मागेको छ । क्यानले पनि आवश्यक सहयोग उपलब्ध गराइरहेको र मैदान अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालनका लागि योग्य रहेको प्रारम्भिक मूल्यांकन दिएको जनाइएको छ ।

क्यानका केन्द्रीय सदस्य करण महताराकाअनुसार पाँचवटै पिचलाई थप गुणस्तरीय बनाउन टीयू अन्तर्राष्ट्रिय क्रिकेट मैदानका क्युरेटरको प्राविधिक सहयोगमा काम गर्ने तयारी भइरहेको छ । 'टीयूको पिचमा गुणस्तर कायम गर्नका लागि क्यानले बंगलादेशी क्युरेटरको सहयोग लिइरहेको छ । यहाँ पनि सोहीअनुसार गरिनेछ,' उनले भने । आगामी चरणमा करिब ६ हजार दर्शक क्षमताको थप प्यारापिट निर्माण गर्ने परिषद्को योजना छ । विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनुसार चारवटा ब्लकमा प्यारापिट विस्तार गरिनेछ । हाल पहिलो चरणअन्तर्गत एउटा ब्लकको निर्माण सम्पन्न भइसकेको छ भने बाँकी संरचना क्रमश: निर्माण गरिनेछ ।

गौरीटार रंगशाला परिसरमा क्रिकेट मैदानसँगै फुटबल मैदान, स्वीमिङ पुललगायतका संरचना निर्माण भइरहेका छन् । चालु आर्थिक वर्षभित्र लन टेनिस कोर्ट, मोटर रेसिङ ट्रयाक तथा फुटबल प्रशिक्षण मैदान निर्माण सुरु गर्ने योजना पनि अघि सारिएको छ । यसका लागि प्रदेश सरकारले चालु वर्षमा ८ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । परिषद्का अनुसार आगामी सबै निर्माणकार्य बहुवर्षीय ठेक्का प्रणालीमार्फत् अघि बढाइनेछ ।






साझाकुरा

## हाम्रो कुरा

# स्रोत सुनिश्चित भएपछि मात्र ठेक्का आह्वान गर्ने व्यवसायीको माग

सार्वजनिक निर्माणक्षेत्र कुनैपनि देशको आर्थिक गतिविधिको मेरुदण्ड हो । पूर्वाधार विकास, रोजगारी सिर्जना, निजीक्षेत्रको विस्तार र समग्र आर्थिक गतिशीलता निर्माण उद्योगसँग प्रत्यक्ष जोडिएको हुन्छ । तर, नेपालमा पछिल्ला वर्षमा निर्माणक्षेत्र गम्भीर समस्याबाट गुज्रिरहेको छ । बजेट तथा स्रोत सुनिश्चित नगरी ठेक्का आह्वान गर्ने सरकारी अभ्यास, बिनातयारी आयोजना अघि बढाउने प्रवृत्ति र समयमै भुक्तानी नहुनु, निर्माण व्यवसायीले पनि काममा बिलम्ब गर्नु, धेरै ठेक्का होल्ड गर्ने जस्ता कारणले सयौँ आयोजना अलपत्र परेका छन् । यही पृष्ठभूमिमा निर्माण व्यवसायीको साझा संस्था नेपाल निर्माण व्यवसायी महासंघले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका लागि सरकारलाई महत्वपूर्ण सुझाव दिएको छ, जुन सुझावलाई गम्भीरतापूर्वक लिनु जरुरी छ । महासंघको प्रमुख मागमध्ये एक हो–बजेट तथा स्रोत सुनिश्चित भएपछि मात्र ठेक्का आह्वान गर्ने नीति अवलम्बन गरिनु ।

विगतमा स्रोत सुनिश्चित नगरी ठेक्का खोल्दा निर्माण कम्पनीले काम सुरु गरेपनि काम सकेपछि भुक्तानी नपाउने, बजेट अभाव देखाएर आयोजना रोक्ने वा लम्ब्याउने समस्या व्यापक देखिएको छ । यसले सरकार प्रति व्यवसायीको विश्वास कमजोर बनाएको छ भने बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणतिर्न नसक्ने अवस्थामा व्यवसायी पुगेका छन् । नतिजास्वरुप आयोजना अलपत्र पर्ने, लागत बढ्ने र राज्यको स्रोत दुरुपयोग हुने अवस्था सिर्जना भएको छ । यसर्थ, बिनातयारी आयोजना ठेक्कामा लगाउने पद्दती हटाउनु केवल व्यवसायीको हितमा मात्र होइन, राज्यको वित्तीय अनुशासन र सुशासनका लागि पनि अपरिहार्य छ । महासंघले औंल्याएको अर्को गम्भीर विषय भनेको अहिले अलपत्र परेका ठेक्कालाई प्राथमिकताका साथ सल्टाएर अघि बढ्नुपर्ने आवश्यकता हो । नयाँ आयोजना घोषणा गरेर राजनीतिक लोकप्रियता खोज्ने प्रवृत्तिले पुराना, अधुरा आयोजना ओझेलमा परेका छन् । यसले न त जनताले अपेक्षित सेवा पाएका छन्, न त लगानीको प्रतिफल सुनिश्चित भएको छ । अधुरा आयोजना पूरा नगरी नयाँ ठेक्का खोल्नु भनेको समस्याको चाङ थप्नु मात्र हो । त्यसैले आगामी बजेटमा पहिले सम्पन्नता, त्यसपछि नयाँ आयोजना भन्ने स्पष्ट नीति समावेश गरिनु जरुरी छ । अर्कोतर्फ, अन्तर्राष्ट्रिय परिस्थितिले पनि नेपाली निर्माण उद्योगलाई थप दबाबमा पारेको छ । मध्यपूर्वमा जारी युद्धका कारण डिजेल, बिटुमिनलगायत निर्माण सामग्रीमा भएको अप्रत्याशित मूल्यवृद्धिले निर्माणलागत अत्यधिक बढेको छ । धेरै ठेक्का पुरानो दररेटमा सम्झौता भएकाले अहिलेको मूल्य संरचनामा काम गर्न व्यवसायीले घाटा बेहोर्नु परिरहेको छ । यस्तो अवस्थामा सार्वजनिक खरिद ऐनले व्यवस्था गरेको मूल्य समायोजनको प्रावधान व्यवहारमा प्रभावकारीरुपमा लागू नहुनु चिन्ताको विषय बनेको छ । महासंघले माग गरेझैँ मूल्य समायोजनको स्पष्ट, सरल र तत्काल लागूहुने कार्यविधि नबनाइएमा निर्माण उद्योग ठप्प हुने जोखिम अझ बढ्नेछ ।

निर्माण व्यवसायीलाई मासिक भुक्तानी प्रणाली लागू गर्नुपर्ने सुझाव छ । हालको भुक्तानी प्रणाली ढिलो, जटिल र अनिश्चित भएकाले बजारमा नगदप्रवाह सुक्दै गएको छ । मासिक भुक्तानी सुनिश्चित भएमा व्यवसायीले मजदुर, आपूर्तिकर्ता र बैंकको दायित्व समयमै पूरा गर्न सक्नेछन् । यसले निर्माणकार्यको गति बढाउनुका साथै समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्नेछ । सरकार स्वयंले पनि राजस्व संकलन, रोजगारी र पूर्वाधार विकासमा यसको प्रत्यक्ष लाभ पाउनेछ । निर्माण व्यवसायी महासंघका सुझाव कुनै एक वर्गको स्वार्थसँग सीमित छैनन् । यी सुझाव कार्यान्वयन भएमा निर्माणक्षेत्रको संरचनात्मक समस्या समाधानतर्फ ठोस कदम चाल्न सकिन्छ । स्रोत सुनिश्चित नगरी ठेक्का आह्वान नगर्ने, अलपत्र आयोजना सम्पन्न गर्ने, मूल्य समायोजनको यथार्थपरक व्यवस्था गर्ने र मासिक भुक्तानी प्रणाली लागू गर्ने नीतिले निर्माण उद्योगलाई पुनर्जीवित गर्न सक्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख ३१ गते बिहीबार १४ मे २०२६ । द्वादशी, जेठ कृष्णपक्ष । बच्छलागा ११४६ ने.सं. । सूर्योदय ५:१८ सूर्यास्त ६:४४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्य बिग्रन सक्ने | तुला | : निर्माण कार्यमा प्रगति |
| वृष | : रमाइलोगरि समय बित्ने | वृश्चिक | : सामाजिक काममा सफलता |
| मिथुन | : राजनीतिमा प्रगति हुने | धनु | : सन्तानबाट खुशी मिल्ने |
| कर्कट | : शारीरिक परिश्रम गर्नुपर्ने | मकर | : व्यापारमा केही हानि हुने |
| सिंह | : पढाइमा प्रगति हुने | कुम्भ | : शत्रु पराजित हुने |
| कन्या | : विश्वासमा संकट आउने | मीन | : मानसम्मान बढ्ने |

# अपेक्षाबमोजिम अघि बढेको सरकार



✍शंकरनाथ काफ्ले

नयाँ दलको रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभामा करिब दुई तिहाइ सिट हासिल गर्नुलाई रास्वपाले पाएको सफलता भन्नुभन्दा रास्वपालाई जनताले गरेको विश्वास हो भन्ने शब्द प्रयोग गर्नु उपयुक्त हुनेछ । इतिहास बोकेका पुराना स्थापित राजनीतिक दलहरुलाई निकै सानो आकारमा खुम्च्याई राजनीतिक तिलस्मीको रुपमा उदाएको रास्वपा सरकारले तिलस्मीरुपमा नै समृद्धिको बाटो समाउनेछ भन्ने कुरामा विश्वास बढेको छ । घटनाक्रमहरुको कारण अब मुलुकले पक्कै राजनीतिक सुधार र त्यसमा स्थायित्व पाउनेछ भन्ने कुरामा विश्वास गर्ने प्रशस्तै आधारहरु स्थापित भइरहेका छन् ।

मन्त्रिमण्डल गठन भएकै दिन अर्थात् चैत्र १३ गते बसेको बालेन्द्र साह नेतृत्वको सरकारको पहिलो बैठकले 'शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची' प्रस्ताव पारित गरेर जनतामा सकारात्मक सन्देश प्रवाह गर्ने प्रयास गरेको थियो । कार्यसूचीमा प्रस्ताव गरिएका कैयौँ विषय पहिले पनि उठेका थिए होलान्, कैयौँ नयाँ होलान् तर पनि नयाँ सर कारले आगामी दिनलाई व्यवस्थित र विश्वसनीय ढंगले अगाडि बढाउने संकल्प लिएको मान्न सकिन्छ । यसबाट नेपाली जनता उत्साहित भएका छन् । हिजोका सरकारहरुले पनि यस्तै खाले घोषणा र प्रतिबद्धता त नगरेका होइनन् तर ती घोषणा र प्रतिबद्धता जनताको आँखामा छारो हाल्नको लागि मात्र आएका थिए । त्यो अवस्था आज दोहोरिँदैन भन्ने कुरामा आम जनता ढुक्क छन् । सरकारले शासकीय सुधारसम्बन्धी १०० कार्यसूची प्रस्ताव घोषणा गर्दै गर्दा उसले आफ्नो प्रतिबद्धतालाई विभिन्न शीर्षकमा वर्गीकरण गरेर सरलीकृत बनाउने प्रयास गरेको देखिन्छ ।

सरकारको पहिलो प्रतिबद्धताअन्तर्गत 'साझा प्रतिबद्धता र समन्वय र जनविश्वास' शीर्षक रहेको छ । यो शीर्षकमा विभिन्न ८ बुँदाको प्रतिबद्धता जाहेर गरेको देखिन्छ । दोस्रो शीर्षकमा 'प्रशासनिक सुधार, पुनर्संरचना र मितव्ययिता' को विषय उठान गरेको छ । यसमा विभिन्न ११ वटा बुँदाहरु रहेका छन् । त्यस्तै सरकारले 'सार्वजनिक सेवा प्रवाह र गुनासो व्यवस्था' सम्बन्धमा विभिन्न ८ वटा बुँदाहरु उल्लेख गरेको छ भने 'डिजिटल शासन र डेटा गभर्नेन्स तथा सञ्चार' शीर्षकमा विभिन्न १५ वटा बुँदाहरु उल्लेख गरेको छ । नयाँ सरकारले 'सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण' विषयमा विभिन्न ५ वटा बुँदाहरु उल्लेख गरेको छ भने उसले 'सार्वजनिक खरिद र परियोजना व्यवस्थापन सुधार' शीर्षकमा विभिन्न ५ वटा प्रतिबद्धता बुँदाहरु प्रस्ताव गरेको छ ।

जनतामा नयाँ दल र नयाँ सरकार प्रति देखिएको प्रबल विश्वास कायम राख्नको लागि उसले 'लगानी, उद्योग, निजी क्षेत्र प्रवर्द्धन तथा पर्यटन' शीर्षकमा विभिन्न २१ वटा बुँदाहरु प्रस्तुत गरेको छ भने 'ऊर्जा तथा जलस्रोत' शीर्षकमा विभिन्न ४ बटा बुँदा प्रतिबद्धतास्वरुप उल्लेख गरेको छ । त्यस्तै सरकारले 'राजस्व सुधार' शीर्षकमा विभिन्न ७ वटा बुँदाहरु उल्लेख गरेको छ भने 'स्वास्थ्य शिक्षा र मानव विकास' शीर्षकमा विविध ५ बुँदाहरु उल्लेख गरेको छ । सरकारले आफ्नो कार्यसूचीलाई १०० अंक पुऱ्याउने उद्देश्यले 'कृषि, भूमि, पूर्वाधार र आधार भूत सेवा' शीर्षकमा विभिन्न ३ वटा बुँदा उल्लेख गर्दै 'अन्य रणनीतिक तथा सामाजिक सुरक्षा सम्बन्धी निर्णयहरु' शीर्षकमा विभिन्न ८ वटा प्रतिबद्धताका बुँदाहरुलाई सार्वजनिक गरेको छ । प्रतिबद्धतास्वरुप प्रस्तुत गरिएका एक सय बुँदाहरुमध्ये केही शीर्षकमा सरकारले आफ्नो कार्य तीव्ररुपमा अघि बढाइसकेको पनि देखिन्छ ।

सरकारले प्रस्ताव गरेको शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं. ३ को प्रतिबद्धता पूरा गर्न उसले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने ६ वटै राजनीतिक दलका घोषणापत्र, बाचापत्र तथा प्रतिबद्धतालाई स्वामित्वमा लिँदै १८ बुँदे राष्ट्रिय प्रतिबद्धता घोषणा गरेको छ । करिब दुई तिहाइ शक्ति आर्जन गरेको एउटा राजनीतिक दलले अन्य साना दलका भावनाहरुलाई समेत समेटेर राष्ट्रिय प्रतिबद्धता घोषणा गर्न सक्नु भनेको सरकार कति जिम्मेवार छ भन्ने कुराको पुष्टि पनि हो । निषेधको राजनीति गर्ने हाम्रो हिजोको राजनीतिक संस्कारलाई चिर्दै बालेन सरकारले सहमति र सहकार्यको नीतिअनुसार अघि बढ्ने प्रयास गर्नु भनेको सम्पूर्ण जनताप्रति गरिएको अगाध सम्मान हो भन्ने स्वीकार गर्नुपर्छ । यसमा विपक्षी दलहरुले पनि रचनात्मक भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । अन्यथा बचेको अस्तित्वमा पनि धमिरो नलाग्ला भन्न सकिन्न । भुल्नुहुँदैन, जेन्जी आन्दोलनको प्रमुख माग भनेको 'भ्रष्टाचार नियन्त्रण र सुशासन कायम राख्नु' भन्ने नै थियो । त्यसलाई सम्बोधन गर्ने उद्देश्यले नै यो प्रतिबद्धता आएको हो । सरकारले यो प्रतिबद्धतालाई वार्षिक नीति तथा कार्यक्रम र बजेट सुधार एजेन्डासँग आबद्ध गर्ने संकल्प लिनु स्वागतयोग्य छ ।

यसका लागि उदारतापूर्वक विपक्षी दलहरुको सुझावसमेत मागिएको थियो । सर कारले राष्ट्रिय प्रतिबद्धतास्वरुप घोषणा गरेको १८ बुँदामा विशेषत: आर्थिक क्षेत्रमा स्थायित्व सुधार गर्ने अर्थात् ५ वर्षमा आर्थिक वृद्धिदर ७ प्रतिशत पुऱ्याउने तथा प्रतिव्यक्ति आय ३ हजार डलर पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ । त्यस्तै कृषि पेसाको सम्मान र आत्मनिर्भरतासम्बन्धी प्रतिबद्धता, पर्यटन तथा नागरिक उड्डयनसम्बन्धी प्रतिबद्धता, खानी तथा खनिज सम्बन्धी प्रतिबद्धता, पूर्वाधार विकाससम्बन्धी प्रतिबद्धता, समृद्धिको आधार रोजगारी यसमा ५ वर्षमा १५ लाख रोजगारी सृजना गर्नेसम्बन्धी प्रतिबद्धता, शिक्षा तथा स्वास्थ्यसम्बन्धी प्रतिबद्धता, वन, वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी प्रतिबद्धता, प्रशासन तथा भ्रष्टाचार नियन्त्रण जसमा वि.सं. २०४८ पछि सार्वजनिक पदमा आसीन व्यक्तिहरुको सम्पत्ति पारदर्शी र कानुनी प्रक्रियाअनुसार छानबिन गर्ने प्रतिबद्धता रहेका छन् ।

यस्तै प्रशासनिक सुधार तथा सेवा प्रवाहसम्वन्धी प्रतिबद्धता, विद्युतीय सुशासन तथा प्रविधिसम्बन्धी प्रतिबद्धता, सामाजिक न्याय तथा समावेशीकरणसम्बन्धी प्रतिबद्धता, अन्तर्राष्ट्रिय कूटनीति र परराष्ट्र सम्बन्धसम्बन्धी प्रतिबद्धता, खेदकुद विकाससम्बन्धी प्रतिबद्धता, विपद् व्यवस्थापनसम्बन्धी प्रतिबद्धता र सहकारी तथा लघुवित्त सुधारसम्बन्धी प्रतिबद्धता जाहेर गरेको छ । यी प्रतिबद्धताहरुको कार्यान्वयनपछि मुलुकमा राजनीतिक दलहरुप्रतिको विश्वसनीयता बढ्दै जाने कुरामा निश्चिन्त हुन सकिन्छ । घोषित प्रतिबद्धताहरुमध्ये कैयौँ प्रतिबद्धता पूरा भइसकेका र कैयौँ कार्यान्वयनको चरणमा रहेका देखिन्छन् । प्रस्तावित कार्यसूची र प्रतिबद्धताहरुले मुलुकलाई सही दिशातर्फ उन्मुख गराउने विश्वास गर्न सकिन्छ । वर्तमान सरकार गठन हुनुअघिको हाम्रो प्रशासनिक सेवा र आजको प्रशासनिक सेवामा आएको सुधारको परिवर्तनले मुलुकमा उज्यालोको संकेत प्रदान गरिसकेको छ ।

सरकारले सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी र उच्च पदस्थ कर्मचारीहरुको सम्पत्ति विवरण संकलन गर्न र छानबिन गर्न उच्चस्तरीय सम्पत्ति जाँचबुझ छानबिन आयोग गठन गरिसकेको छ । यसअघि संघीय संसद्को गठन भए पनि लामो समयसम्म समितिहरु गठन नहुने, समितिहरु गठन भएपछि पनि लामो समयसम्म त्यसले नेतृत्व नपाउने गरेको कारण संसदीय गतिविधिको चाल निकै सुस्त र निराशाजनक हुने गर्दथ्यो । यसपटक पहिलो चरणमा नै संसदीय समितिहरु गठन भई समितिहरुले नेतृत्वसमेत पाइसकेको कारण संसद्ले आफ्नो गरिमा फर्काउन सफल भएको छ । यसको लागि सुधार गर्नु बाँकी कैयौँ कुराहरुमा पनि सरकारको ध्यान जानेछ भन्ने कुरामा विश्वास जागेको छ ।

घोषणा र प्रतिबद्धता कागजमा मात्र सीमित भयो भने निराशा छाउँछ भनेर सरकारले टाइमलाइनसहित कार्यसूची अघि बढाएको छ । भुल्नुहुँदैन, सरकारले गरेको प्रतिबद्धताले जनतामा पक्कै विश्वास बढाउँछ तर कार्यान्वयन गरिएन भने उत्तिकै निराशा पनि । सरकारले आफ्नो प्रतिबद्धताबमोजिमको काम गर्नको लागि पक्कै पनि उचित वातावरणको आवश्यकता पर्दछ । त्यसको लागि शान्ति र विश्वास सबैभन्दा ठूलो वातावरण हो । अविश्वासले अशान्त जन्माउँछ । अत: शान्त वातावरण हुन सकेन भने मुलुकमा द्वन्द्व बढ्छ । द्वन्द्व बढ्यो भने सरकारको सम्पूर्ण शक्ति द्वन्द्व व्यवस्थापनमा लगाउनुपर्ने हुन्छ । हिजोका दिनमा कैयौँ सरकारहरुले जनताको ध्यान आफ्नो प्रतिबद्धताबाट बाहिर पठाउनको लागि आफैँ विभिन्न द्वन्द्वहरु सृजना गर्ने गर्दथे र पछि त्यही द्वन्द्व व्यवस्थापन गर्नमा आफूलाई लगाइर हन्थे । जसको कारण उनीहरु आफ्नो मूल प्रतिबद्धताबाट बाहिर पुग्ने गर्दथे । त्यो घटना अब दोहोरिन दिनुहुँदैन ।सरकारले जनअपेक्षा अनुसार धेरै काम गर्नुपर्छ । कैयौँ कार्य गर्दा जोखिमको पनि सामना गर्नुपर्ने हुन्छ । पक्कै पनि गहिरो खिल निकाल्नको लागि केही कष्ट त सहनु नै पर्ने हुन्छ । सरकार अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न र वास्तविक सुकुम्बासीहरुलाई उचित संरक्षण गर्ने अभियानमा जुटेको छ ।

हिजो राजनीतिमा विभिन्न संक्रमण भएकै थियो, त्यसको उचित निदान गर्न सक्नु सरकारको सक्षमताको मापन हुने भएको छ । हिजो प्राय: प्रत्येक पक्ष र क्षेत्र राजनीतिको स्वार्थमा जकडिएको थियो, त्यसलाई सुधार गरेर सरकार जनताको हो भन्ने विश्वास दिलाउन सक्नुपर्छ । कामको गति बढाउनको लागि अध्यादेशहरु जारी गर्नु, न्यायपालिकाको विश्वसनीयता वृद्धिको लागि परम्पराको जालो तोड्नु यो सरकारको विशेषता बनेको छ । यद्यपि सरकारको अगाडि थुप्रै चुनौतीहरु परीक्षाको रुपमा उभिएका छन् । उसले भ्रष्टाचारीलाई कानुनको दायरामा ल्याउनु छ । पीडित जनतालाई न्याय दिलाउनु पनि छ । कार्य गर्दा कुनै पनि खाले पूर्वाग्रहको छनक दिनु पनि भएको छैन । कुनै पनि घटना जन्माएर जनताको विश्वास र भरोसा कुनै पनि हालतमा डगमगाउन दिनुहुँदैन । जेन्जी आन्दोलनमा शहीद भएका व्यक्तिहरु तथा घाइतेहरुलाई पनि न्याय दिनु सरकारको कर्तव्य बनेको छ । त्यो कर्तव्य पूरा गर्दै गर्दा संयमता र सावधानी अपनाउन चुक्नुहुँदैन ।

जनताले लामो समयदेखि आफूलाई आहुति दिएर प्राप्त गरेका लोकतान्त्रिक उपलब्धिहरुलाई कुनै पनि बहानामा हरण गर्ने कार्य गर्नुहुँदैन । हिजो हरेक क्षेत्रमा राजनीतीकरण भएको कारण कैयौँ क्षेत्रले आफ्नो विश्वास गुमाउन पुगेको थियो । राज्यले लगानी गरेको शिक्षा तथा निजामती प्रशासनमा समेत राजनीति बढेकोले मुलुकले बेथितिको चरम उत्कर्ष भोग्नुपरि रहेको थियो ।

हुँदा-हुँदा सबैले सम्मानको दृष्टिले हेरि रहेको स्वतन्त्र र निष्पक्ष न्यायपालिकामा समेत राजनीतिको छाया पऱ्यो भन्ने भाष्यले मुलुक अप्ठेरो भिरालोतिर भासिँदै गरेको विश्लेषण गरियो । यस्ता पक्षमा समेत वर्तमान सरकारले सुधारको अभियान अघि बढाउनुपर्ने भएको छ । बालेन्द्र सरकारले आजसम्म चालेका हरेक अभियान दूरगामी प्रभाव राख्ने खालका देखिएका छन् । तसर्थ सरकारप्रति जनतामा भरोसाको पारो तीव्ररुपमा बढेको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सुकुम्बासीलाई समस्या देख्ने सरकारले भूमिहीन सुकुम्बासीको समस्या देख्नु पर्दैन ?

✍शिरीषवल्लभ प्रधान

अमेरिकाका पूर्व राष्ट्रपति जोन एफ. केनेडीले एक पटक भनेका थिए, 'इफ ए सोसाइटी क्यान नट प्रोटेक्ट दि मेनी हु आर पोर, इट क्यान नट सेभ द फ्यु हु आर रिच' अर्थात यदि हाम्रो समाजले बहुसंख्यामा रहेका गरीब मानिसलाई संरक्षण प्रदान गर्न सकेन भने त्यसले अल्पसंख्यक धनिहरुको पनि रक्षा गर्न सक्दैन । अहिले हाम्रो देशमा विद्यमान् सुकुम्बासीको समस्या र त्यसलाई सरकारले जसरी संवेदनाहीन रुपले सम्बोधन गर्न खोज्दैछ, त्यसले केनेडीको उक्त भनाई पुन: स्मरण गराई दिएको छ । गत वैशाख १२ गते थापाथलीस्थित बाग्मती नदीको किनारामा जसरी सैयौंको संख्यामा आएका बन्दुक भिरेका सशस्त्र सुरक्षाकर्मीहरुले आक्रमक ढंगले त्यहाँका छाप्रा तथा कच्ची घर, टहराहरु २४ घण्टे सूचनाको भरमा भत्काए, त्यहाँ बस्ने भूमिहीन मानिसलाई पक्कै पनि त्यसले ०७२ साल बैशाख १२ को महाभूकम्पको स्मरण गराएको हुनपर्छ ।

त्यसपछि क्रमश: सिनामंगल गैरीगाउँ, मनहरा, बल्खु, टेकु, बालाजु, कपन गरी दुई हप्ताको समयभित्र करीव आठ हजार घर, टहरा भत्काउने काम भयो । काठमाडौं महानगर पालिका र बालेन सरकारको संयुक्त प्रयासमा १५ हजार भन्दा बढी मानिसहरु घरवार विहीन भएका छन् । त्यसमध्ये आधा जतिले मात्र सर कारसँग सम्पर्क राखे भने आधा जति अझै सम्पर्कविहीन छन् । कतिपय मानिस यस्तो झरीको समयमा त्यही भत्केको ठाउँमा इंट्टाको थुप्रोमा कपडा टांगेर ओत लाग्ने प्रयास गरिरहेको दयनीय अवस्था पनि देखियो । कतिपयले भत्केका घरका ईंटा खोज्दै थुपारेर दुई-चार छाक टार्ने प्रयास गरिरहेको पनि देखियो । त्यहाँ रहेका केटाकेटी, गर्भवती महिला, बुढाबुढी अपांगहरुको त झन बेहाल भएको दर्दनाक दृष्य सबैका अघिल्तिर छर्लङ्ग छ ।

केहीलाई कीर्तिपुरस्थित होल्डिंग सेन्टरमा त केहीलाई पछि नागर्जुन नगर पालिकास्थित अपार्टमेण्टमा लगियो भने अनि केही अन्यलाई बालाजु, गोंगबूतिरका केही लजहरुमा अस्थायीरुपमा राखेको खबर सार्वजनिक भएको छ । त्यसैमध्येका केहीलाई भने कीर्तिपुरको होल्डिङ सेन्टर तथा बालाजुका लजहरुबाट बनेपास्थित रेडक्रसको भवनमा सारिएको खबरहरु सार्वजनिक भएका छन् । यद्यपि सुकुम्बासीको नाउमा केही अन्यत्रै घर, जग्गा भएका हुकुम्बासीहरु पनि बस्ने गरेको र उनीहरुले नाजायज फाइदा लिइरहेको भन्ने आरोप पनि लाग्ने गरेको छ, तथापि ती ठाउँहरुमा बस्ने अधिकांश भूमिहीन, सीमान्तकृत तथा विपन्नवर्ग नै भएको पाइएको छ । जे होस् सरकारले उल्टो काम गरेको भन्ने आलोचना सुनिएको छ । पहिले सकुम्बासी बसेका ठाउँमा गइ तथ्यांक संकलन गरी, त्यसलाई केलाई बास्तविक सुकुम्बासी पहिचान गरी अनि वैकल्पिक व्यवस्था गरेर मात्र बस्ती हटाउन पर्नेमा पहिले घर, टहर भत्काएर सुकुम्बासीहरुलाई बेघरबार बनाएपछि उनीहरुलाई होल्डिङ सेन्टरमा राखी अनि बल्ल लगत लिने कार्य सुरु गरेको भन्ने खवर छ ।

यसरी सरकारले नागरिकको घरजम गरी बाँच्न पाउने संविधान प्रदत्त अधिकारको ठाडै उल्लंघन गरेर आफ्नो असंवेदनशील व्यवहार र मानवता विरोधी क्रियाकलाप प्रस्तुत गरेको छ । गास-बास-कपास अर्थात, खाना, आवास र कपडा नागरिकहरुको मुलभूत अधिकारमा पर्छ । कुनै पनि सभ्य समाज वा प्रजातान्त्रिक सरकारले जनताको यो अधिकार खोस्न पाउँदैन । यदि कसैले नियम, कानून मिचेरै घर, टहरा बनाएका छन् र उसको अन्य विकल्प छैन भने त्यस्तो अवस्थामा राज्य क्रुर वा कठोर बन्न मिल्दैन । बैकल्पिक व्यवस्थाविना पशुलाई पनि बसेको ठाउँबाट हटाउन मिल्दैन भने मानिसको त कुरै छाडौं ।

भारतको मुम्बई जस्तो प्रख्यात व्यापारिक शहरबाट त सरकारले सुकुम्बासी बस्ती हटाउन सकेको छैन, त्यहाँको सरकारले भने हाम्रो जस्तो अविकसीत देशको त के कुरा ? शहर सुन्दर राख्न कसलाई मन नलाग्ला ? शहरका नदी, नाला संरक्षण गरी सफा र सुन्दर बनाउन, वातावरण स्वच्छ राख्न सरकारले प्रयास अवश्य गर्नुपर्छ । तर यति हतारो ठीक छैन् । राजनीतिक नीति वा प्रणाली क्रान्तिको भरमा एकै रातमा बदल्न सकिएला तर समाज, अर्थतन्त्र, जनताको अवस्था एकै दिनमा दबलिँदैन । त्यसलाई क्रान्तिले होइन, उद्विकासबाट बदल्ने प्रयास गरिनुपर्छ । सरकार बनेको महिना दिनमा सबै समस्याको समाधान निकाल्न सकिने हो भने त किन पाँच वर्षको म्याण्डेट चाहियो र ? बिस-तीस वर्षमा थुप्रेको सुकुम्बासी समस्याको २० दिनमा हल खोज्नु कदापि बुध्दिमानी होइन । सुकुम्बासी समस्याको हल गर्न अल्पकालीन र दीर्घकालीन योजना बनाएर लागू गर्न सकिन्छ ।

सरकारले आजभोलि ल्याउन लागेको नीति तथा कार्यक्रम र बजेटमा त्यसलाई समावेश गरेर क्रमश: लागु गर्दैजाने हो, यदि परिवर्तनलाई दीगो बनाउने हो भने । त्यसैले पहिले देशभरि कति बास्तविक भूमिहीन छन् भन्ने अध्ययन गरिनुपर्छ । एउटा दीर्घकालीन योजना बनाएर चार-पाँच वर्षको समयमा सुकुम्बासी समस्या समाधान गर्न नसकिने भन्ने केही छैन । सरकारले पहिले समस्या के हो, कति गम्भीर र गहिरो छ, त्यो पत्ता लगाउनुपर्छ । सुकुम्बासी बस्ती हटाई शहरको सौन्दर्यीकरण गर्नु मात्र समस्या होइन, देशका नागरिकले घरवार विहीन भइ गास-बासबाट बञ्चित हुनपर्ने अवस्था आउनु झन् ठूलो समस्या हो सरकारका निम्ति । सहर लाई सुन्दर बनाउनका निम्ती सुकुम्बासी कसरी हटाउने भन्ने मात्र सवाल होइन । सवाल त के हो भने दिनरात काम गर्दा पनि छाक टार्नका लागि उनीहरुले ज्यानै फाल्नुपर्ने अवस्था कसरी सृजना भयो ? के यो सरकारको चासो र उसले लागू गरेको शासन व्यवस्थामाथिकै प्रश्न होइन ?

त्यतातिर ध्यान पुगेको खै ? नागरिकको गास, बास, कपासको व्यवस्थाबाट कुनै पनि जिम्मेवार सरकार पन्छिन मिल्दैन । काठमाडौंका वा बाहिर जिल्लाका सुकुम्बासीको समस्या केवल नगरप्रमुखको वा स्थानीय सरकारको दृष्टिले हेरेर मात्र हुँदैन त्यसलाई समग्र राष्ट्रको समस्याका दृष्टिले हेरिनुपर्छ र त्यसैअनुरुप त्यसको समग्रतामा समाधान खोजिनु पर्छ । राजधानी सहर काठमाडौंको सुकुम्बासी समस्यालाई सम्बोधन गर्दा गरीब, विपन्नवर्ग र धनि वा सम्पन्नवर्गबिच भेदभाव राखिनुहुन्न । गरीब, मजदुर वा सीमान्तकृत वर्ग पनि समाजका अभिन्न अंग हुन् । समाजमा विपन्न वर्ग र सम्पन्न वर्ग एकअर्काका परिपूरकका रुपमा मिलेर बसेका हुन्छन् । विपन्नवर्गलाई धन चाहिन्छ त सम्पन्न वर्गलाई श्रम चाहिन्छ र उनीहरु आफूसँग जे छैन त्यो अर्कोसँग साट्छन् र आफनो आवश्कता पूरा गर्छन् ।


यदि भारी बोक्ने, ठेलागाडा चलाउने, धाराको काम गर्ने, सिकर्मी, डकर्मी, फलामको काम गर्ने नकर्मी आदि नहुने हो भने सहरका बासिन्दाको निर्माण तथा सरसफाई सम्बन्धी समस्या कसले समाधान गर्छ ? ती सुकुम्बासी बस्तीमा बस्ने निम्न आय भएका वर्गकै सेवा शहरमा बस्ने सम्भ्रान्त वा सम्पन्न परिवारका मानिसलाई नभइ हुन्न । माली नभए बगैंचा कसले हेर्ने, भरिया नभए भारी कसले बोकिदिने ? डकर्मी, सिकर्मी नभए घर कसले निर्माण गरिदिने ?

उदाहरणका निम्ति काठमाडौंको बल्खूस्थित सुकुम्बासी बस्तीमा रहेका करीव चार-पाँच सय घर टहरा हालै डोजर लगाएर भत्काइयो । त्यहाँ अनेक किसिमका मजदुर, कुल्ली, ज्यामी, माली आदि निम्न आय भएका मानिसहरुको बसोबास थियो, जुन उजाड बनाइयो । यदि तिनीहरु कसैलाई काठमाडौंमा बस्न ठाउँ नदिने हो भने भोली हाम्रा फाटेका जुत्ता कसले सिइदिन्छ ? कसले घर वा ट्वाइलेटको सर सफाई गरिदिन्छ ? कसले बगैंचालाई मलजल गरी सुन्दर बनाइदेला अनि कसले धाराको पाइप विग्रेको आदि मर्मत गरिदिन्छ ? ती निम्न आय भएका मजदुरहरुले गर्दा नै अन्य शहरी वातावरणमा हुर्केका मानिसले जीवन सरल र सहज जीवन बाच्न सम्भव भएको कुरा हामीले बिर्सन मिल्दैन । तसर्थ सुकुम्बासी स्वयं समस्या होइन, त्यसलाई व्यवस्थित गर्न नसक्नु समस्या हो । तिनीहरुका सम्बन्धमा सही तथ्यांक राख्न नसक्नु समस्या हो, त्यसलाई नदी किनारबाट कम जोखिमपूर्ण ठाउँमा कसरी सार्न सकिन्छ त्यो समस्या हो ।

अहिले सरकारले विना कुनै गृहकार्य वा तयारी जसरी २४ घण्टे सूचनाको भरमा डोजर लगायो त्यसले थप समस्या सिर्जना गरेको छ । सरकारले डोजर हान्नु नै समस्याको समाधान हो जस्तो गरी मानवीय भावना र सम्वेदना पटक्कै नदेखाएर जसरी काम गरेको छ, त्यसले सुकुम्बासी समस्या समाधानको सट्टा बल्झने आशंका बढेको छ । कमसे कम बस्ती सार्न ३५ दिनको सूचना दिनपर्नेमा सो नियमको पालना सरकारले नगरी सुकुम्बासीलाई शत्रु देशको नागरिक जस्तो व्यवहार जुन गरिरहेको छ । यसै कारण अहिले काठमाडौं मात्र नभइ बुटवल, सुर्खेत, झापा, मोरङ, हेटौंडा आदि स्थानहरुमा भूमिहिन तथा सुकुम्बासीहरु आन्दोलित हुन थालेका छन् । उनीहरुको बस्तीमा विना पर्याप्त सूचना र विना वैकल्पिक व्यवस्था डोजर आतंक मच्चाएको विरोधमा भूमिहीन सुकुम्बासीहरु सडकमा आउन बाध्य भएका छन ।

*(साभार: रातोपाटी)*

# स्वास्थ्य परीक्षण ठगीको अनुसन्धान प्रतिवेदन श्रम मन्त्रालयबाटै गायब




काठमाडौं/वैदेशिक रोजगारीमा विदेश जाने श्रमिकहरूको स्वास्थ्य परीक्षणमा सिन्डिकेट खडा गरेर रकम असुल गरिएको विषयको अध्ययन प्रतिवेदन र मिसिल नै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट गायब भएको छ । स्वास्थ्य परीक्षणको सिन्डिकेटबारे छानबिन गरेर कार्यदलले तयार पारेको अध्ययन प्रतिवेदन र त्यससम्बन्धी मिसिल पटक-पटक माग गर्दा पनि प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले पाउन सकेको छैन ।

मन्त्रालयका सहसचिव उपेन्द्र पौडेल सम्मिलित कार्यदलले छानबिन गरेर प्रतिवेदन बुझाइएको लामो समयसम्म श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा थन्किएपछि यसबारे चासो देखाउँदै प्रधानमन्त्रीको कार्यालय अनुसन्धान गर्न निर्देशन दिएको थियो । प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार २ वैशाखमा स्वास्थ्य क्षेत्रमा हुने सिन्डिकेटबारे अनुसन्धान गर्न सीआईबीलाई निर्देशन दिइएको थियो । त्यसपछि सीआईबीले अहिले यो प्रकरणमो अनुसन्धान अघि बढाएको छ ।

प्रधानमन्त्री कार्यालयको निर्देशनपछि सीआईबीले यससम्बन्धी कागजात मन्त्रालयसँग माग गरेको थियो । मन्त्रालयले च. न. ३१४ को पत्रमार्फत उक्त विवरण पठाएको बताएको थियो । तर, विवरण अपूरो भएपछि सीआईबीले फेरि १५ वैशाखमा च. न. १०८८१ को पत्रमार्फत मन्त्रालयलाई पत्र पठाउँदै विवरण मागेको थियो ।

मन्त्रालयले भने प्रतिवेदनमा १३ पानाको छायाकपी उपलब्ध गराइएको भन्दै २५ वैशाखमा सीआईबीलाई पत्राचार गरेको छ । '..माग गरिएको विवरण यस मन्त्रालयको च.न. ३१४ को मिति २०८३/०१/०४ गतेको पत्रबाट गृह मन्त्रालयमार्फत पठाइसकेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै उक्त विवरणको छायाप्रति (पाना १३) यसैसाथ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ' मन्त्रालयका शाखा अधिकृत ममता कुमारीले हस्ताक्षर गरेको पत्रमा उल्लेख छ ।

तर, मन्त्रालयले ४ गते नै विवरण पठाएको उल्लेख गरेपनि सीआईबीले भने त्यसपछि पनि दुई पटक पत्र लेख्दै अनुसन्धानका लागि आवश्यक मिसिलसहित सक्कल प्रति पठाउन भनेको छ । अहिलेसम्म सीआईबीले मन्त्रालयबाट उक्त कागजात प्राप्त गरेको छैन ।

'हामीले पटक-पटक अनुसन्धानका लागि आवश्यक मिसिलसहितका विवरण माग गरेका हौं । तर अहिलेसम्म प्राप्त भएको छैन' सीआईबीका एक उच्च अधिकारीले संचारकर्मीसँग भने । दुई पटकसम्म पनि आवश्यक कागजात नपाएपछि सीआईबीले छायाकपी नभएर प्रतिवेदनको सक्कल कपी र मिसिलको फाइल, बरामद कागजात समेत उपलब्ध गराउन भन्दै तेस्रो पटकसम्म माग गरेको छ । मन्त्रालयले दुई पटकसम्म १३ पान्नाको छायाकपी मात्रै पठाएपछि सीआईबीले हिजो २८ वैशाखमा तेस्रो पटक पत्राचार गर्दै सक्कल कपी र मिसिल पठाउन भनेको छ । सीआईबीले माग गरेका फाइल नभेटिएपछि मन्त्रालयमा अहिले तरंग पैदा भएको छ ।

जेनजी आन्दोलनपछि गठन भएको अन्तरिम सरकारमा राजेन्द्र सिंह भण्डारी २६ मंसिरमा श्रममन्त्रीमा नियुक्त भएका थिए । त्यसपछि उनले वैदेशिक रोजगारी क्षेत्रको सिन्डिकेट तोड्ने घोषणा गर्दै विशेष कार्यदल गठन गरेका थिए । कार्यदलमा श्रम मन्त्रालयका उपसचिव उपेन्द्र पौडेल अर्का उपसचिव लवराज जोशी, नेपाल प्रहरीका २ डीएसपी, इन्स्पेक्टरसहित १६ जना सदस्य थिए ।

'मन्त्रालयको जिम्मेवारी पाएपछि केही सुधार गर्नुपर्छ भनेर मैले कर्मचारी र प्रहरी सम्मिलित टास्क फोर्स गठन गरेको थिएँ । उनीहरूलाई विशेष गरी वैदेशिक रोजगारमा हुने संगठित अपराध हेर्न भनिएको थियो । वैरो (वैदेशिक रोजगार विभाग)मा उनीहरूलाई पठायौं । त्यहाँ काम गर्ने वातावरण नभएपछि उहाँहरू बस्नु भएन,' तत्कालीन श्रममन्त्री भण्डारीले संचारकर्मीसँग भने ।

त्यसपछि कार्यदललाई अनुगमनमा पठाउने, वैदेशिक रोजगारीका क्षेत्रमा हुने सिन्डिकेटका बारेमा छानबिन गरेर रिपोर्ट ल्याउन मन्त्री भण्डारीले निर्देशन दिएका थिए । उक्त समितिले रिपोर्ट बुझाएको थियो । 'रिपोर्ट त्यही टेबलमा राख्नु भनेको थिएँ । मैले कसरी कारबाही गर्न सकिन्छ भनेर विभिन्न भागहरू पनि छुट्टाएको थिएँ । त्यतिकैमा चुनाव आयो । उहाँहरू पनि चुनावमा खटिनु भयो । अब नयाँ सरकार आउँछ उसैले कारबाही गर्छ भन्ने भयो । निर्वाचनपछि म पनि मन्त्रालय गइनँ,' भण्डारीले भने ।

कार्यदलले बुझाएको त्यही रिपोर्ट अहिले मन्त्रालयबाट गायब भएको छ । मन्त्रालयमा रिपोर्ट नभेटिएपछि श्रममन्त्री रामजी यादवले सोमबार पूर्वमन्त्री भण्डारीलाई सम्पर्क गरेका थिए । 'मलाई हिजो मात्रै मन्त्रीज्यूले पनि सोध्नु भएको थियो । घरमा कतै मिसप्लेस भयो कि भनेर पनि हेरेँ । तर छैन । मन्त्रालयमै हुनुपर्ने हो । मैले छाडेपछिको जानकारी मलाई हुने अवस्था पनि भएन' भण्डारीले संचारकर्मीसँग भने ।

रिपोर्ट नभएको जानकारी आएपछि आफूसँग भएको सफ्टकपी भण्डारीले अहिले मन्त्रालयलाई उपलब्ध गराएको बताए । स्वास्थ्य परीक्षणमा सिन्डिकेट खडा गरी ठगी गरेको, राजश्व छली गरेको भन्ने विषय यसअघि उजुरी परेको जानकारी आएपछि आफूले त्यतिबेला राजश्व अनुसन्धान विभागका र सीआईबीका अधिकारीसँग समेत छलफल गरेको बताएका छन् ।

भण्डारी श्रममन्त्री भएपछि ४ पुस २०८२ मा स्वास्थ्य परीक्षण शुल्क वापत लिइने ९ हजार ५ सयलाई घटाएर ६ हजार ५ सयमा झारेका थिए । २३ माघमा संचार कर्मीले भण्डारीसँग अन्तर्वार्ता लिँदा उक्त रकम घटाउन श्रमसचिव समेत नमानेको बताएका थिए । 'स्वास्थ्य शुल्क घटाउने निर्णय गरेर फाइल मगाएको थिएँ तर सचिव मान्दै मान्दैनन् । तुरुन्तै फाइल ल्याउने भए ल्याऊ, होइन भने म मिडिया, जेनजी सबैलाई बोलाएर यो विषयमा प्रष्ट भनिदिन्छु भनेपछि सचिव फाइल ल्याउन तयार भए' भण्डारीले भनेका थिए ।

त्यतिबेला श्रमसचिव कृष्णहरि पुष्कर थिए । कर्मचारीले नै स्वास्थ्य परीक्षण शुल्क घटाउन नमान्नु, अहिले फाइल फराउनु जस्ता घटनाले वैदेशिक रोजगारीको क्षेत्रमा ठूलो अनियमितताको संकेत गरेको छ । मन्त्रालयमा बुझाएको मिसिल र प्रतिवेदन नै गायब भएको विषयमा भने कोही पनि सम्पर्कमा आउन चाँहदैनन् ।

श्रम सचिव दीपक पाण्डेसँग यसबारे बुझ्न खोज्दा उनी सम्पर्कमा आएनन् । मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरे भने खोजबिन भइरहेको बताउँछन् । 'समितिका मान्छेहरूले प्रतिवेदन बुझाएको भन्नुभएको छ । भेटिएको छैन । खोजबिन हुँदैछ । यहाँभन्दा बढी जानकारी भएन' घिमिरेले संचारकर्मीसँग भने ।

वैदेशिक रोजगारीमा जानेहरूको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूको मिलेमतोमा उक्त प्रतिवेदन गायब पारिएको हुनसक्ने आशंका गर्दै अनुसन्धान अघि बढाइएको छ ।

**के-के थियो कारबाही सिफारिस ?**

१६ सदस्यीय कार्यदलले वैदेशिक रोजगारीमा जानेको स्वास्थ्य परीक्षण गर्ने ३६ वटा स्वास्थ्य संस्थामा छापा मारेको थियो । ती संस्थामा छापा मारेर कार्यदलले महत्वपूर्ण कागजातहरू संकलन गरेको थियो । जसमा ३६ वटा स्वास्थ्य संस्थाको छुट्टा छुट्टै प्रतिवेदन तथा मिसिल तयार भएको थियो ।

प्रमाण तथा मिसिलसहित कारबाहीका लागि सिफारिस गरिएपनि अहिले ती ३६ वटा संस्थाको मिसिल भने मन्त्रालयबाट गायब भएको छ । गायब बनाइएको प्रतिवेदनमा केही स्वास्थ्य व्यवसायीहरूलाई ठगी, संगठित अपराध, विदेशी मुद्रा विनिमय, राज्यविरुद्धको कसुर, सम्पत्ति शुद्धीकरण लगायतमा अनुसन्धान गर्नुपर्ने उल्लेख गरिएको थियो ।

गायब पारिएको प्रतिवेदनमा भनिएको थियो, 'वैदेशिक रोजगारको सिलसिलाा विदेश जाने व्यक्तिलाई समिति स्वास्थ्य संस्था तथा मेनपावरहरुले आफूले पैसा कमाउने उद्देश्यले ठगी गर्ने गरी सिन्डिकेट लागु गरेको तथा राज्यलाई कर छली समेत गरेको, विभिन्न व्यक्तिहरुको समूह मिली संगठित रुपमा अपराध गरेको देखियो ।'

नेपाल सरकार र मलेसियन सरकारबीच भएको सम्झौतामा 'सेक्युरेटी स्क्रिनिङ र मेडिकल एक्जामिनेशन इन नेपाल' को भुक्तानी रोजगारदाताले कामदारलाई पहिलो महिनाको तलबसँगै फिर्ता गर्ने भनि उल्लेख छ । तर कामदारले रकम फिर्ता पाउने नगरेको र यो रकम कसले लिने गरेको छ भन्ने विस्तृत अनुसन्धान हुनुपर्ने कार्यदलको निष्कर्ष थियो ।

४ पुस २०८२ मा स्वास्थ्य परीक्षण शुल्क साढे ९ हजार बाट घटाएर साढे ६ हजारमा लिए पनि न्यू एसओएस एचआर प्रालि मेनपावर कम्पनी र अमिताभ बुद्ध मेडिकल सेन्टरले बढी शुल्क लिएको भन्दै कपिलवस्तुको शिवराज नगर पालिका-१० का २२ वर्षीय सचिन चौधरीले निवेदन दिएका थिए । चौधरीसँग भिडियो बयान समेत लिएर प्रतिवेदन पेश गरिएको थियो ।

यसरी तोकिएको भन्दा बढी रकम असुल्ने स्वास्थ्य संस्थाको विस्तृत छानबिन गरी कारबाही गर्नुपर्ने सिफारिस गरिएको थियो । फ्रि भिसा, फ्रि टिकटमा पनि श्रमिकको सेवा शुल्क वापत १० हजार मात्रै लिन पाउने व्यवस्थामा जथाभावि रकम असुलिएको निष्कर्ष थियो ।

बेस्टिनेट मलेसिया र माइक्रो टिच प्रालि नेपालबीच भएको सम्झौताअनुसार सन् २०२० फ्रेबुअरी १३ देखि २९ सम्म ११ हजार ८२८ जना मलेसिया कामदारले गरेको स्वास्थ्य परीक्षण बापत ३६ वटा स्वास्थ्य संस्थाले बेस्टिनेट मलेसियालाई माइक्रो टिच प्रालिले तिर्नुपर्ने शुल्क भुक्तानी गर्न सन् २०२० जुन १६ मा एम्बेसी अफ मलेसियाले नेपाल राष्ट्रिय बैंक बालुवाटारलाई पत्राचार गरेको भनिएको पत्र नै नक्कली रहेको कार्यदलले आशंका गर्दै छानबिन गर्नुपर्ने सिफारिस गरेको थियो ।

दूतावासको पत्र भन्दै रकम मलेसिया पठाउने काम हुनसक्ने आशंका गर्दै कार्यदलले भनेको थियो,'यसबारेको अनुसन्धन सीआईबीदेखि सरकारी कर्मचारीको हकमा अखितयारले अनुसन्धान गर्नुपर्ने देखिन्छ ।' मेनवापर कम्पनीले श्रमिकलाई सुरुमै स्वास्थ्य परीक्षण गर्न लगाई ठगी गर्ने गरेको पनि औंल्याएको छ । साउथ एसियन मेडिकल सेन्टर प्रालि धुम्बराहीले गलत स्वास्थ्य परीक्षण प्रतिवेदन बनाई पठाएकाले मलेसियाबाट अनफिट भई फिर्ता भएको भन्दै कपिलवस्तुकै अनिरुद्द प्रसाद वरईले निवेदन समेत दिएको टास्क फोर्सले उल्लेख गरेको थियो ।

३६ वटा स्वास्थ्य संस्थाले अनुमतिबिना माइक्रो टिच कम्पनीको भ्याट बिल काटी ३ हजार १६४ रुपैयाँ उठाई माइक्रो टिचको सनराईज बैंक र मेघा बैंकमा रकम जम्मा गर्ने गरेको बताइएको छ । तर, स्वास्थ्य सेवामा भ्याट बिल भने नलाग्ने भएकाले संगठित अपराध, सम्पत्ति शुद्धीकरणमा अनुसन्धान गर्नुपर्ने उल्लेख थियो ।

त्यस्तै कार्यविधि अनुसार स्वास्थ्य संस्थाले काम नगरेकाले अनुगमन गर्नुपर्ने, एकै व्यक्तिको पटक-पटक स्वास्थ्य परीक्षण गरेर रकम असुल्ने प्रवृति देखिएकाले त्यसलाई रोक्नुपर्ने सिफारिस गरिएको थियो । २०७० सालदेखि सिन्डिकेट खडा गरेर स्वास्थ्य परीक्षणका नाममा संगठित रुपमा ठूलो ठगीको धन्दा हुने, कर तथा राजश्व छली हुने जस्ता सूचना आएपछि टास्क फोर्सले छानबिन गरेको थियो ।

स्वास्थ्य परीक्षणका नाममा ३६ वटा संस्थाबाट मलेसियाको बेस्टिन कम्पनीलाई दिनुपर्छ भन्दै स्वास्थ्य परीक्षण शुल्क ४५ सय हुँदा २५ सय बढी लिई जम्मा ७ हजार, ५५ सय हुँदा ३ हजार बढी लिई साढे ८ हजार, ६५ सय हुँदा ३५ सय बढी लिई १० हजार लिई अहिलेसम्म करिब १५ जनाबाट ४ अर्ब ५० करोड रुपैयाँ असुलिएको सूचना आएपछि छानबिन सुरु भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# कर्तव्य ज्यान र बैंकिङ कसुरका ३ जना फरार प्रतिवादी पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २९ बैशाख/ मकवानपुरबाट कर्तव्य ज्यान तथा बैंकिङ कसुरका ३ जना फरार प्रतिवादी पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरले कर्तव्य ज्यान र बैंकिङ कसुरमा संलग्न भई फरार रहेका ३ जना प्रतिवादीलाई पक्राउ गरेको जानकारी दिएको छ ।

अदालतबाट सजाय तोकिएका तथा मुद्दा विचाराधीन रहेकै अवस्थामा फरार रहेका उनीहरुलाई प्रहरीले खोजी गरेर पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा कर्तव्य ज्यान मुद्दाका एकजना र बैंकिङ कसुर मुद्दाका दुईजना रहेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरकाअनुसार मकवानपुरको साविक भैंसे गाविस-१ (हाल भीमफेदी गाउँपालिका-२) का ४१ वर्षीय बिक्रम घिसिङलाई कर्तव्य ज्यान मुद्दामा पक्राउ गरिएको हो भने बैंकिङ कसुर मुद्दामा फरार रहेकी ३६ वर्षीया चाँदनी साहलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।

मोरङको विराटनगर महानगरपालिका-१४ घरभई हाल हेटौंडा उपमहानगरपालिका-४ मा बस्दै आएकी साहलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय सोलुखुम्बु पठाइएको मकवानपुर प्रहरीले जनाएको छ । बैंकिङ कसुर मुद्दामा फरार रहेका हेटौंडा उपमहानगरपालिका-३ बसामाडीका ३२ वर्षीय मुकेश पाण्डेलाई प्रहरीले पक्राउ गरेको छ । उनीहरुविरुद्धको मुद्दा हाल अदालतमा विचाराधीन रहेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका सूचना अधिकारी एवम् प्रहरीनिरीक्षक राजुप्रसाद कुर्मीका अनुसार पक्राउ परेका उनीहरुलाई आवश्यक कारबाहीका लागि मकवानपुर जिल्ला अदालत तथा सम्बन्धित कार्यालयमा बुझाइएको छ । प्रहरीले फरार प्रतिवादीलाई पक्राउ गर्ने अभियानलाई तीव्रता दिँदै आएको उनले बताए ।

# मोवाइल महासंघको महासचिवमा हेटौंडाका आचार्यको उम्मेदवारी

साझाकुरा संवाददाता



हेटौंडा, २९ बैशाख/ नेपाल मोवाइल व्यवसायी महासंघको आसन्न निर्वाचनका लागि हेटौंडाका कुशल ब्यवसायी छतेन्द्र आचार्यले महासचिव पदमा उम्मेदवारी दिएका छन् ।

जेठ १ र २ गते काठमाडौंमा हुने महासंघको पाँचौ वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनमा आचार्यले महासचिवमा उम्मेदवारी दिएका हुन् । मंगलबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै अनलाइनमार्फत उम्मेदवारी दर्ता गराएको आचार्यले जानकारी दिएका हुन् । मोवाइल एशोसिएसन अफ नेपाल (म्यान) मकवानपुरका अध्यक्ष हरिप्रसाद न्यौपानेको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा न्यौपानले मकवानपुरको प्रतिनिधित्व गर्दै आचार्यलाई केन्द्रीय समितिको महासचिव पदमा उठाइएको बताए । आचार्य यसअघि केन्द्रीय उपाध्यक्ष र केन्द्रीय सदस्य भइसकेका छन् । उनी म्यान मकवानपुरका संस्थापक अध्यक्ष हुन् ।

महासंघमा २७ हजार भन्दा बढी मोवाइल व्यवसायी आवद्ध छन् । जिल्ला शाखाबाट महाधिवेसनमा एक हजार पाँच सय भन्दा बढी प्रतिनिधिको सहभागिता रहने उपाध्यक्ष आचार्यले बताए । मकवानपुरबाट भने ७ जना प्रतिनिधिले सहभागिता जनाउने छन् । आचार्यसँगै केन्द्रीय सदस्यमा मकवानपुरबाट म्यान मकवानपुरका निवर्तमान अध्यक्ष नवराज चौलागाई र महासंघ बागमती प्रदेश समितिका पूर्वकोषाध्यक्ष तथा म्यान मकवानपुरका निवर्तमान महासचिव मिलन स्याङ्तानले पनि उम्मेदवारी दर्ता गराएका छन् ।

उम्मेदवारी दर्ता गराएसँगै आचार्यले आफू महासचिवमा निर्वाचित भए देशभर छरिएर रहेका साना तथा ठुला मोवाइल व्यवसायीलाई एकीकृत गरी एउटै छानामुनि राख्ने, महासंघको सचिवालयलाई व्यवस्थापन गर्ने, महासंघलाई चुस्तदुरुस्त बनाउनुका साथै सदस्यहरुको हकहितमा सधैं अग्रसर रहने बताए । आचार्य मकवानपुरका लोकप्रिय ब्यवसायी हुन् ।

# ईभी गाडी दुर्घटनामा भारतीय नागरिक ९ जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २९ बैशाख/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नम्बर २ लामबगरस्थित सिस्नेरी-दक्षिणकाली सडक खण्डमा ईभी गाडी दुर्घटना हुँदा ९ जना भारतीय नागरिक घाइते भएका छन् ।

दुर्घटनामा तीनजनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीका अनुसार सोमबार राति करिब ११ बजे काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र.०१-०३३ च ५२५८ नम्बरको ईभी गाडी ब्रेकफेल भई सडकको दाहिनेपट्टिको भित्तामा ठोक्किँदा दुर्घटना भएको हो । दुर्घटनापछि प्रहरीचौकी खानीखेतबाट प्रहरी सहायकनिरीक्षक मनोजकुमार यादवको नेतृत्वमा र प्रहरीचौकी सिस्नेरीबाट प्रहरी सहायकनिरीक्षक रामवली साहको नेतृत्वमा टोली घटनास्थल पुगेर उद्धार गरेको थियो ।

प्रहरीकाअनुसार गाडीमा चालकसहित ११ जना सवार थिए । तीमध्ये ९ जना भारतीय नागरिक र चालकसहित २ जना नेपाली नागरिक रहेका थिए । दुर्घटनामा घाइते भएका सबैलाई उद्दार गरी उपचारका लागि काठमाडौं पठाइएको प्रहरीले जनाएको छ । दुर्घटनामा भारत बिहार दर भंगाका ६० वर्षीय रामविनय झा, ७० वर्षीया निर्मला देवी र ५५ वर्षीया अनिता देवी गम्भीर घाइते भएका छन् । उनीहरुको टाउकोमा चोट लागेको प्रहरीले जनाएको छ । त्यसैगरी ६७ वर्षीय हम्रानाथ झा, ६६ वर्षीय अमरनाथ झा र ४२ वर्षीया अनिता झा सामान्य घाइते भएका छन् ।

घाइते सबैलाई प्रारम्भिक उद्दारपछि बी एण्ड बी अस्पताल काठमाडौं पठाइएको थियो । पछि उनीहरुलाई अल्का अस्पताल ललितपुरमा भर्ना गरी उपचार भइरहेको प्रहरीले जनाएको छ । गाडीमा सवार अर्का नेपाली नागरिक २२ वर्षीय असान साफी भने सामान्य अवस्थामा आफैं घर फर्किएको प्रहरीले जनाएको छ । ईभी चालक धनुषाको लक्ष्मनिया नगरपालिका-४ निवासी ३० वर्षीय पिन्टु सिंह प्रहरी नियन्त्रणमा रहेका छन् ।

# के गर्दैछ, सम्पत्ति छानबिन आयोग ?

काठमाडौं/नारायणहिटी दरबार संग्रहालय छेवैको केशर महलमा कार्यालय स्थापना गरेको सम्पत्ति जाँचबुझ आयोगले जाँचबुझको दायरामा पर्ने कर्मचारीहरुको सम्पत्ति विवरण संकलनको काम शुरु गर्दैछ । आयोगले आफ्नो वेबसाइट निर्माण गरेर त्यसमा नै छानबिनको दायरामा परेकाहरुबाट सम्पत्ति विवरण संकलन गर्ने तयारी गरिरहेको छ ।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश एवं आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारीले भने, 'छानबिनका दायरामा परेकाहरुले आयोगको वेबसाइटमा नै सम्पत्ति विवरण बुझाउन मिल्ने व्यवस्था गर्ने तयारी भइरहेको छ ।' बहालवाला राष्ट्रपति र पूर्वराष्ट्रपति, न्यायाधीशहरु र सैनिक अधिकारी बाहेक आयोगले सहसचिव तहसम्मका अधिकारीहरुको सम्पत्ति छानबिन गर्ने कार्यादेश पाएको छ । आयोगले शुरुमा २०८३ सालदेखि अगाडि २०६२/६३ सालसम्मका सार्वजनिक पदाधिकारीहरुको सम्पत्ति अनुसन्धान गर्दैछ ।

कुनै समय शिक्षा मन्त्रालय र केशर पुस्तकालय रहेको केशर महलबाट शिक्षा मन्त्रालय सरिसकेको छ । त्यो ठाउँमा केशर पुस्तकालय र सार्वजनिक खरिद अनुगमन कार्यालय थियो । सार्वजनिक खरिद अनुगमन कार्यालयको केही भाग हटाएर खाली भएको ठाउँमा आयोगले आफ्नो कार्यालय खडा गरेको छ ।

अहिले जाँचबुझ आयोगका पाँचजना सदस्यहरु नियमित रुपमा कार्यालय आउँछन् भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले उनीहरुका लागि एक शाखा अधिकृत, एक नासु र अरु सहायकस्तरका कर्मचारी खटाएको छ । आयोगको प्रशासनिक नेतृत्व गर्ने न्याय सेवाका सहसचिव तोकिएका छैनन् । कार्यादेशमा नै आयोगले करिव ४० जना कर्मचारी पाउने व्यवस्था गरेको छ ।

'आयोगले श्रृंखलाबद्ध रुपमा सम्पत्ति विवरणमाथि छानबिन गरी कैफियत देखिएमा थप अनुसन्धान गर्नुपर्ने भनी नेपाल सरकारमा विवरण पठाउँछ,' आयोगका अध्यक्ष भण्डारीले भने, 'त्यसरी पठाइने विवरण अत्यन्त गोप्य हुन्छ, अखितयारमा पुगेर अनुसन्धान गर्दा मुद्दा चल्ने अवस्था भयो भने मात्रै उनीहरुको विवरण सार्वजनिक जानकारीमा आउने हो ।'

परम्परागत रुपमा फर्म भनेर विवरणहरु संकलन गर्दा झन्झटिलो हुने देखेर आयोगका पदाधिकारीहरुले वेबसाइटबाट विवरण संकलन गर्ने र त्यसको विश्लेषण गर्ने योजना बनाएका हुन् । अनुकुल भएमा सम्पत्ति विश्लेषण गर्न सफ्टवेयर नै बनाउने सम्भावना रहेपनि आयोगले छोटो अवधिका कारण कठिन हुने देखेको छ ।

राजपत्रमा प्रकाशित विवरण अनुसार, सहसचिवसम्मका व्यक्तिहरु र कार्यालय प्रमुख बनेको भए त्यो भन्दा तल्ला तहका कर्मचारीहरुको पनि सम्पत्ति जाँचबुझ गर्ने आयोगको तयारी छ । 'उजुरी परेको भए जुन/कुनै तहको व्यक्तिमाथि अनुसन्धान हुनसक्छ,' अध्यक्ष भण्डारीले भने, 'कुनै व्यक्तिको सम्पत्ति लुकाएको आरोप लागेर प्रारम्भिक सूचनाबाट सार्वजनिक पदमा नभएका व्यक्तिहरुको नाममा लुकाइएको भेटिए उनीहरुमाथि पनि अनुसन्धान हुनसक्छ ।' दुई चरणमा सम्पत्ति जाँचबुझ गर्ने आयोगले पहिलो चरणपछि मात्रै २०६२/६३ अघि २०४८ सालसम्मका सार्वजनिक पदाधिकारीहरुको सम्पत्ति छानबिन गर्नेछ । त्यसक्रममा भ्रष्टाचारको आरोप लागेका र मुद्दा चलेका व्यक्तिहरुको पनि जाँचबुझ हुने अध्यक्ष भण्डारीले बताए । उनका अनुसार, त्यतिबेला मुद्दा चलेकोभन्दा बढी सम्पत्ति भेटिएमा आयोगले सरकार मार्फत अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पत्राचार गर्नेछ ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



# उपमहानगरबाटै कर प्रशासनसम्बन्धी सेवा पाइने



साझाकुरा संवाददाता

हेटौंडा, २९ बैशाख/ करदातालाई सहज, छिटो तथा पहुँचयुक्त सेवा उपलब्ध गराउने उद्देश्यसहित हेटौंडा उपमहानगर पालिकाले अब कर प्रशासनसँग सम्बन्धित विभिन्न सेवा स्थानीय तहबाटै प्रवाह गर्ने भएको छ ।

हेटौंडा उपमहानगरपालिका र आन्तरिक राजश्व कार्यालय, हेटौंडाबीच मंगलबार भएको सम्झौताअनुसार आगामी जेठ १३ गतेदेखि यो सेवा औपचारिकरुपमा सञ्चालनमा आउने जनाइएको छ । यस व्यवस्थासँगै अब करदाता दर्ता, स्थायी लेखानम्बर सम्बन्धी सेवा, मूल्यअभिवृद्धि करदर्ता लगायतका महत्वपूर्ण सेवाका लागि सेवाग्राहीले आन्तरिक राजश्व कार्यालय धाइरहनुपर्ने बाध्यता कमहुने अपेक्षा गरिएको छ । स्थानीयस्तरमै सेवा उपलब्ध हुने भएपछि व्यवसायी, उद्योगी तथा सर्वसाधारण करदाताले समय र खर्च दुवै बचत गर्नसक्ने विश्वास गरिएको नगरप्रमुख मीनाकुमारी लामाले बताइन् ।

सम्झौताअनुसार उपमहानगरपालिकाबाट व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखानम्बर दर्ता गर्ने, अन्त:शुल्क दर्ता तथा इजाजतपत्र नवीकरण गर्ने, व्यक्तिगत स्थायी लेखानम्बरलाई व्यावसायिकमा रुपान्तरण गर्ने तथा करदाता विवरण र अभिलेख अद्यावधिक गर्ने कार्य सञ्चालन गरिनेछ । त्यसैगरी करदाताको प्रोफाइल तयार तथा अद्यावधिक गर्ने, मूल्य अभिवृद्धि करमा दर्ता गर्ने, आयकरबाट भ्याटमा रुपान्तरण गर्ने, दर्ता खारेजीसम्बन्धी सेवा उपलब्ध गराउने तथा करचुक्ता प्रमाणपत्र जारी गर्ने व्यवस्था पनि उपमहानगरपालिकाबाटै हुने बताइएको छ ।

यसका अतिरिक्त कार्यालय स्थानान्तरण तथा शाखा थपसम्बन्धी सेवा, करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन, करदाताको बक्यौता लगत व्यवस्थापन लगायत सेवा समेत स्थानीय तहबाट सञ्चालन गरिनेछ । संघीय कार्यालयसँगको समन्वयमा कर प्रशासनलाई प्रविधिमैत्री, पारदर्शी र नागरिकमैत्री बनाउने लक्ष्य राखेको नगरप्रमुख लामाले बताइन् ।

# हेटौंडामा मानवअधिकारसम्बन्धी अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २९ बैशाख/ हेटौंडामा मानवअधिकार संरक्षण सम्बन्धी अन्तरक्रिया तथा सचेतनामूलक कार्यक्रम आयोजना गरिएको छ ।

बागमती प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयको आयोजनामा मंगलबार कार्यक्रम गरिएको हो । कार्यक्रममा संविधान र मानवअधिकारबीचको सम्बन्ध, संयुक्त राष्ट्रसंघद्वारा सन् १९४८ डिसेम्बर १० मा तयार पारेको दस्तावेजमा उल्लेखित विषय, मानवअधिकार आयोगको भूमिका, म्यान्डेट तथा आयोगका सिफारिसको कार्यान्वयन अवस्था लगायत छलफल गरिएको थियो । कार्यक्रमको उद्घाटन गर्दै बागमती प्रदेशका प्रमुखसचिव बाबुराम अधिकारीले मानवअधिकार कुनै एक समय वा स्थानमा सीमित हुने विषय नभई निरन्तर अभ्यास गरिनुपर्ने विषय भएको बताए ।

उनले भौतिक पूर्वाधार विकाससँगै मानवअधिकारजस्तो संवेदनशील क्षेत्रमा पनि पर्याप्त बजेट विनियोजन गर्न आवश्यक रहेकोमा जोड दिए । स्थानीय तह र प्रदेश सरकारका मन्त्रालयले मानवअधिकारको क्षेत्रमा बजेट छुट्याउनुपर्ने आवश्यकता औंल्याउँदै उनले आगामी बजेट तयारीमा यसलाई प्राथमिकतामा राख्न आग्रह गरे । प्रमुखसचिव अधिकारीले मानव अधिकारको अर्थ आफ्नो अधिकार उपयोग गर्दा अरुको अधिकार हनन हुन नदिनु पनि भएको स्पष्ट पारे ।

मानवअधिकार देश, काल र परिस्थितिअनुसार केही फरक रुपमा व्याख्या हुनसक्ने धारणा व्यक्त गरे । प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले मानवअधिकार केवल कानूनी विषयमात्र नभई सामाजिक न्याय स्थापना र लोकतन्त्र सुदृढ गर्ने 'क्रस-कटिङ' विषय भएको बताएका छन् । उनले प्रत्येक व्यक्तिले आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकारप्रति पनि सचेत रहनुपर्नेमा जोड दिए । मन्त्रालयका सचिव कृष्णबहादुर शाहीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मानवअधिकार आयोग, इन्सेक, गैसस बागमती प्रदेशलगायत विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो ।

# हेटौंडा-पथलैया खण्डमा 'ओभरपास' निर्माणको प्रस्ताव



साझाकुरा संवाददाता

हेटौंडा, २९ बैशाख/ पर्सा राष्ट्रिय निकुञ्जले त्रिभुवन राजपथअन्तर्गत पथलैया-अमलेखगञ्ज सडक विस्तारका क्रममा आठ किलोमिटर दूरीमा जनावर वारपार गर्नका लागि दुई वटा 'ओभरपास' निर्माण गर्न सडक विभागसँग प्रस्ताव गरेको छ ।

यो खण्डमा सवारीसाधन अत्यधिकमात्रामा गुड्ने हुँदा विभिन्न समयमा वन्यजन्तुको प्राकृतिक स्थान तथा वन्यजन्तु दुर्घटनामा पर्ने जोखिम रहेकाले सडक विस्तारका क्रममा कम्तिमा दुईवटा ओभरपास निर्माण गर्नका लागि सुझाव दिएको हो । पर्सा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी सन्तोषकुमार भगतले निकुञ्ज क्षेत्र अतिसंवेदनशील हुने भएकाले पनि सडक विस्तार गर्दा जनावरमैत्री र जनावरको सुरक्षामा विशेष ध्यान दिनका लागि अनुरोध गरे । 'सवारीसाधनको ठक्करले राजमार्गमा दुई दर्जनभन्दा बढी वन्यजन्तुको मृत्यु भएको छ', उनले भने, 'निकुञ्जको कोर एरिया पर्ने आठ किलोमिटरमा ओभरपास निर्माण गरेको खण्डमा दुर्घटनाबाट हुने क्षतिलाई केही न्यूनीकरण गर्न सकिन्थ्यो ।'

अमलेखगञ्ज-पथलैया सडकखण्डमा बेलाबखत हात्तीले सवारीसाधनलाई लखेट्ने तथा मानव र वन्यजन्तुबीच द्वन्द्व हुने गरेको छ । चालु आर्थिक वर्षको चैतसम्म सवारी दुर्घटनामा परेर एउटा चितुवाको मृत्यु भएको निकुञ्ज कार्यालयले जनाएको छ । पथलैया-अमलेखगञ्ज सडकखण्डमा सवारी दुर्घटनामा परेर दुईवटा जरायो, पाँचवटा चित्तल र १५ वटा बाँदरको मृत्यु भएको निकुञ्जका सूचनाअधिकारी भगतले जानकारी दिए । प्राकृतिक कारणले अन्य तीनवटा जनावरको मृत्यु भएको छ ।

सूचनाअधिकारी भगतले सवारी दुर्घटनाबाट वन्यजन्तु जोगाउनका लागि ट्राफिक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको बताए । उनले सवारीचालकलाई थप ट्राफिक सचेतना उपलब्ध गराउन सरोकार भएका सबैले समन्वय गर्नुपर्ने आवश्यकता औँल्याए । सडक डिभिजन हेटौंडाका इन्जिनियर भोलाप्रसाद साहले सडक विस्तार गर्दा निकुञ्ज क्षेत्रमा ओभरपास निर्माण गर्नुपर्ने सुझाव आएकाले सडक विभागमा पठाइएको जानकारी दिए ।


## वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

*डढेलोबाट वन जोगाऔं-अमूल्य वन सम्पदाको संरक्षण गरौं ।*

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानविय क्षती समेत पुऱ्याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।

वनमा आगो लगाउनेलाई वन ऐन नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं । वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामि सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय मकवानपुर**
हेटौंडा, नेपाल


# थाहानगरमा आइतबार विद्यालय खुल्ने




साझाकुरा संवाददाता

हेटौंडा, २९ बैशाख/ मकवानपुरको थाहा नगरपालिकाले नगरभित्रका सबै विद्यालय आइतबार सञ्चालन गर्ने निर्णय गरेको छ ।

थाहानगर शिक्षा समितिको बैठकले शैक्षिक गुणस्तर सुधार, विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि तथा नियमित पठनपाठनलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित आइतबार पनि विद्यालय सञ्चालन गर्ने निर्णय गरेको हो ।

नगरकाअनुसार सार्वजनिक बिदा, विभिन्न कार्यक्रम तथा अन्य कारणले शैक्षिक गतिविधि प्रभावित हुँदै आएको अवस्थालाई मध्यनजर गर्दै अतिरिक्त पठनपाठन आवश्यक ठहर गरिएको हो ।

सोहीअनुसार नगरभित्र सञ्चालित सामुदायिक तथा संस्थागत सबै विद्यालयमा आइतबार नियमित कक्षा सञ्चालन गरिने शाखाप्रमुख माधवविक्रम मल्ले जानकारी दिए । शिक्षा समितिले निर्णयको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा विद्यार्थी सबैलाई आवश्यक समन्वय र सहयोग गर्न आग्रह गरेको छ । नगरपालिकाको यो निर्णयले विद्यार्थीको सिकाइ समय वृद्धि हुनुका साथै शैक्षिक उपलब्धि र पठनपाठनको गुणस्तरमा सकारात्मक प्रभाव पर्ने बताइएको छ ।

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८३/०१/२२ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- भक्त बहादुर राई (छोरा)* *जग्गावाला- सो सोमे राई/सानो सोम बहादुर राई (बुवा)*

यसमा जिल्ला मकवानपुर साविक फापरबारी गाविस वडा नं. ९ को तपशिल बमोजिमका जग्गाहरु मध्ये कि.नं.२५५ को क्षेत्रफल ज.वि. ०-४-९ जग्गा सानो सोमे राई र कि.नं. ३२२ को क्षेत्रफल ज.वि.०-२-७ जग्गा सानो सोम बहादुरको नाममा नापी नक्सा भएको र छतिवन मौजाको रैति नं. २९ को रैती ठूलो सोम बहादुर राईको नाममा साविक भोग लगत कायम भई उल्लेखित तपशिलका जग्गाहरु दर्ता गर्न छुट भएकोमा निज फिल्डबुकवालाहरु सानो सोमे राई र सानो सोम बहादुर तथा लगतवाला ठूलो सोम बहादुर राई फरक-फरक नामहरु भएता पनि एकै व्यक्ति सोम बहादुर राई नै भएको र निज सोम बहादुर राईको मिति २०७०/०८/१५ मा मृत्यु भएको र निजकी पत्नि चम्की राईको पनि मिति २०५०/०५/२३ मा मृत्यु भएकोमा निजहरुको हकखाने हकदारहरुमा छोराहरु जेठो मंगल बहादुर राई-१, माहिलो भक्त वहादुर राई-१ र कान्छो रवि राई तथा तिन छोरीहरु भएकोमा विवाहदान भई पर घर गईसकेकोले उल्लेखित जग्गाहरुको हकखाने उल्लेखित छोराहरु मात्र भएको र निजहरुले नै उल्लेखित जग्गाहरु साविक देखि हाल सम्म निरन्तर रुपमा हकभोग तथा जोत कमोढ गरी आएकोले हकदारहरु मंगल बहादुर राई र रवि राईको मंजुरीले निवेदक भक्त बहादुर राईको नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि बकैया गाउँपालिका ४ नम्बर वडा कार्यालयको च.नं. ८७ मिति २०८२/०४/१८ को हकदार तथा हकभोग खुलेको छुट जग्गा दर्ता तथा नामसारी सम्बन्धी सिफारिस पत्र, च.नं. ८४२ मिति २०८१/०९/२५ र च.नं. १८९२ मिति २०८२/०३/०८ को सानो सोमे राई, ठूलो सोम बहादुर राई, सानो सोम बहादुर र सोम बहादुर राई फरक-फरक नाम भएको व्यक्ति फरक-फरक नभई एकै व्यक्ति भएको व्यहोराको सिफारिस पत्रहरु, वडा सर्जमिन मुचुल्काहरु, नाता प्रमाणित प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्रहरु, नागरिकता प्रमाणपत्रहरु, सांविक लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी द.नं./मि.नं. १६९ मिति २०८२/०४/२१ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा जग्गावाला र निवेदकको बुवा फरक-फरक नै भएमा वा निवेदकको नाममा दर्ता नामसारी गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी दिने बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू- संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी- उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | सानो सोमे राई/सानो सोम बहादुर | फापरबारी | ९ | २५५<br>३२२ | ०-४-९<br>०-२-७ | भक्त बहादुर राई | जि.म. फापरबारी छतिवन मौजा को २९ नं. रैति ठूलो सोम बहादुर राई |

*ईति संवत २०८३ साल बैशाख महिनाको २२ गते रोज ३ शुभम्.................।*


## डेंगु रोगको लक्षण तथा बच्ने उपायहरुका सम्बन्धमा जनहितका लागि जारी सूचना:

डेंगु रोगको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु । यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरु पनि देखा पर्न सक्छ ।

अन्य लक्षणहरु:

- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने,
- हाडजोर्नी तथा मांसपेसीहरु दुख्ने,
- वाकवाकी लाग्ने ,
- पेट दुख्ने,
- शरीरमा विमिरा आउने ।



डेंगु संक्रमणबाट आफू र आफ्नो परिवारलाई बचाउनका लागि सावधानी अपनाउनुहोस् ।


- सुत्दा झुलको प्रयोग गर्नुहोस्
- लामखुट्टेको टोकाईबाट बचाउने धुप तथा झोलको (रिपेलेन्ट) प्रयोग गर्नुहोस्
- पुरै बाहुला भएका अथवा लामो बाहुला भएका कपडा लगाउनुहोस्
- ट्याङ्की र कुलरहरु हप्तामा एकचोटी सफा गर्नुहोस्
- वरपर पानी जम्न नदिनुहोस्
- डेंगुका कुनै पनि लक्षण देखिएमा उपचारका लागि स्वास्थ्य संस्था जानुहोस्

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**
हेटौंडा, मकवानपुर



# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक, हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)